# राष्ट्रकवि माधवप्रसाद घिमिरेको सम्झनामा

- *कपिल लोहनी **

***गाउँछ गित नेपाली, ज्योतिको पंख उचाली ।***
***जय जय जय नेपाल, सुन्दर, शान्त, विशाल ॥***

हामी जन्मेर होस आउन थालेदेखि नै सुनेको यो गितले हाम्रो कलिलो मन-मष्तिस्कमा मातृभूमि प्रतिको माया र स्नेह जगाएको थियो । गित गाउने र संगित भर्नेले निकै मेहनत गरेर गितलाई यस्तो आकर्षक बनाएको भएपनि यसमा गुथिएका प्रत्येक शव्दहरु नै यो गितका सबैभन्दा ठुला गहना हुन् र यो गितका शव्दहरु राष्ट्रकवि माधवप्रसाद घिमिरेको हृदयबाट प्रष्फुटित भएका थिए । हाम्रो देश आज पनि सुन्दर छ, विश्वका धेरै मुलुकहरु भन्दा निकै विशाल पनि छ, तर आज हाम्रो मुलुकबाट शान्ति भने हराएको छ । नेपालमा शान्ति हराएको कुरामा विगत ८० वर्षदेखि निरन्तर लेखन कार्यमा लागेका १०१ वर्षिय राष्ट्रकवि पनि निकै चिन्तित थिए । तर अब उनको चिन्ताको घडी रोकिइसकेको छ, किनकी उनले २०७७ साल भदौ २ गते नै यो धरतीबाट बिदा लिएर महाप्रस्थान गरिसकेका छन् । केही समय अरु बाँचेका भए आउँदो असोज ७ गते हामीले राष्ट्रकविको १०२औं जन्मदिन पनि मनाउने थियौं तर अबका दिनहरुमा जन्मजयन्तीमा नै चित्त बुझाउनु पर्ने भएको छ । आजको अशान्त, भाँडभैलो र सुरक्षा र खुशीयालीको प्रत्याभूति कतैबाट पनि पाउन नसक्ने अवस्थामा राष्ट्रकवि पनि हाम्रा लागि एक प्रकारका अभिभावक जस्ता व्यक्तित्व थिए, जो अब रहेनन् ।

विक्रम सम्वत् १९७६ साल असोज ७ गते लमजुङको बाहुनडाँडा, पुस्तुनमा जन्मेका राष्ट्रकवि वाल्यकालमा गाउँकै गुरुकुलमा कखरा र संस्कृतमा लघुकौमुदीको पढाई सकेर लमजुङबाट नुवाकोट हुँदै हिँडेर काठमाडौंको बालाजु आइपुगेका थिए । काठमाडौं छँदा उनले दरवार हाईस्कुल र संस्कृत पाठशालामा अध्ययन गरे भने पछि उनले वनारसबाट सर्वदर्शनशास्त्रमा शास्त्री (स्नातक) तह उत्तिर्ण गरेका थिए । उनि जहाँ गए वा भएपनि आफ्नो जन्मथलो र मर्स्याङ्दीको स्वच्छ हावापानीलाई सँधै सम्झिरहन्थे । 'सेते' को नामले गाउँमा चिनिने उनलाई एकजना साधु शिक्षकले 'माधवप्रसाद' नाम दिएका रहेछन् । स्तम्भकार देवेन्द्र भट्टराईलाई अन्तर्वाता दिने क्रममा उनले भनेका रहेछन्, "म त पहाडको एउटा गाउँबाट उडेर तल झरेको सिमलको भुवा हुँ । सेतो भुवाजस्तो मेरो नाम थियो सेते ।"

संस्कृतिविद् सत्यमोहन जोशीका अनुसार १९९८ तिर राष्ट्रकवि माधवप्रसाद घिमिरे त्रिचन्द्र कलेजमा त्यतिबेला अवस्थित भाषा अनुवाद परिषद्मा पुष्करशमशेर जवराको मातहतमा लक्ष्मीप्रसाद देवकोटा र बद्रीनाथ भट्टराई सहित मुख्य भाषा अनुवादकको समूहमा कार्यरत थिए । केही समय प्राध्यापन पेशामा पनि संलग्न यिनले गोर्खापत्रमा काम गरेर पत्रकारिताको रसस्वादन पनि गर्न भ्याए । १४ वर्ष कै उमेरमा उनको पहिलो कविता "ज्ञानपुष्प" गोर्खापत्रमा प्रकाशित भएको थियो ।

कविशिरोमणी लेखनाथ पौड्याल र महाकवि लक्ष्मीप्रसाद देवकोटा तथा भारतीय विख्यात साहित्यकार रविन्द्रनाथ टैगोरबाट अति नै प्रभावित राष्ट्रकवि कविता, गित, निवन्ध, महाकाव्य, खण्डकाव्य, नाटक, गितीनाट्य, वालसाहित्य वा लघु कथा सिर्जनामा निकै माहिर थिए भने उनका सिर्जनाहरु सबै सरल भाषामा हुने भएकाले बुझ्न पनि सहज हुन्छन् । उनले रचना गरेका खण्डकाव्यहरु जस्तै पापिनी आमा,

नयाँ नेपाल, गौरी, राजेश्वरी, राष्ट्रनिर्माता, धर्तीमाता, गौँथली, गजधम्मे, बोराको पर्दा, इन्द्र कुमारी, आदि थिए । २००४ सालमा उनकी धर्मपत्नी गौरीको निधनबाट विक्षिप्त हुन पुगेका राष्ट्रकविले २०१५ सालमा श्रीमतीकै यादमा 'आँशुको मूल्य' र 'गौरी' जस्ता शोक काव्यहरु लेखे । जसमध्ये गौरी सर्वाधिक प्रसिद्ध हुन पुग्यो । आफुलाई मन परेको मानिससँग हुने प्रेमको गहिराई र कोमलपनाको सही व्यख्या गरिएको यस कृतिमा प्रेमी प्रेमिका बिच वियोग हुँदा हुने दुख, दर्द र विलाप अनि त्यसबाट सिर्जना हुने नयाँ दार्शनिक सोच वारे व्याख्या गरिएको छ । लक्ष्मीप्रसाद देवकोटाको 'मुना मदन' बाट पनि निकै प्रभावित भएर उनले शकुन्तला, मालती मंगले, हिमालपारी, विषकन्या, देउकी, अश्वत्थामा र बालकुमारी गरी सात वटा गीति नाटकहरु लेखे । ति मध्ये 'मालती मंगले' ले ठुलो ख्याती कमायो । सो गीति नाटक निकै समयसम्म मञ्चन भयो भने सो नाटक मात्र नभई त्यसमा संगित दिने अम्बर गुरुङ, गित गाउने नारायण गोपाल र तारादेवी, तथा निर्देशक तथा कलाकारहरु सबैले निकै ख्याती कमाए । त्यस्तै उनको कृति "शकुन्तला" ले पनि ठुलै ख्याती प्राप्त गरेर निकै समयसम्म मञ्चन भयो ।

नाम सुन्दा 'अश्वत्थामा' गिती नाट्य महाभारतको कुनै अंश हो की भन्ने जस्तो लागे पनि आज विश्व पारमाणुविक हतियारको होडवाजीमा लागेर निकै खतरनाक खेलमा व्यस्त भएको सन्दर्भमा राष्ट्रकविले यो कृति लेखेका रहेछन् । विश्वमा गरिवीको उपहास गरेर मुलुकको ढुकुटी नरसंहारका खतरनाक हातहतियारको विकास र खरिद गर्न खर्चिने प्रवृत्तिदेखि उनि निकै चिन्तित थिए ।

राष्ट्रप्रेम, श्रृंगार रस वा प्रकृतिको वर्णनमा नै किन नहोस्, राष्ट्रकविले लेखेका अति सरल भाषाका सबै खाले कविता तथा गितहरुले जनमानसमा अति नै गहिरो छाप पार्न सफल भएको थियो । उनको पहिलो गित रचना प्रकृति सम्बन्धि थियो--मास्टर रत्नदास प्रकाशको स्वर र संगितको ***'झम् झम् पानी पऱ्यो असारको रात, बारीबाट बज्न थाल्यो मकैको पात'*** । शुरुमा उनले 'मधुश्री'को नामबाट लेखन कार्यको प्रारम्भ गरे । पछि खासगरी महाकवि लक्ष्मीप्रसाद देवकोटा, तथा कविशिरोमणी लेखनाथ पौड्याल, बालकृष्ण सम, भवानी भिक्षु, निवन्धकार शंकर लामिछाने, सूर्यविक्रम ज्ञवाली, राजनेता टंकप्रसाद आचार्य, युगकवि सिद्धिचरण श्रेष्ठ, आदिको सामिप्यले गर्दा र पटक पटक साहित्यिक यात्रामा भारत जाने मौका समेत जुरेपछि यिनको ज्ञानको दायरा अझै बढ्दै गयो भने यिनका श्रृजनाहरुबाट स्वदेशी र विदेशी साहित्यकारहरु पनि प्रभावित हुन थाले ।

केही समय तत्कालिन शाही नेपाल चलचित्र संस्थानमा आवद्ध हुँदा त्यहाँबाट निर्माण भएको चलचित्र 'मनको बाँध' का गितहरु लेख्ने काम पनि उनकै काँधमा आयो । अन्य गितहरु सँगै ***'फूलको थुंगा बहेर गयो गंगाको पानीमा, कहिले भेट होला है राजै यो जिन्दगानीमा'*** ले अत्यधिक ख्याती प्राप्त गऱ्यो भने यसका संगितकारद्वय नातीकाजी र शिवशंकर अनि गायिका तारादेवी पनि नयाँ उँचाईमा पुग्न सफल भए ।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानका शुरुका दिन यानी २०२५-२६ सालदेखि नै सह-सदस्य र प्राज्ञ भई कार्य गरेका माधव घिमिरे २०३३ सालतिर उपकुलपति र २०४४ सालतिर कुलपतिको गरिमामय पदमा पनि दुई वर्ष विराजमान भए । प्रज्ञा प्रतिष्ठानमा लामो समय आवद्ध हुँदा उनले सूर्यविक्रम ज्ञवाली, लैनसिंह वांग्देल, नयराज पन्त, विजय मल्ल, भूपि शेरचन, चूणामणी भट्टराई, यज्ञराज शर्मा, सत्यमोहन जोशी, पोषण पाण्डे, आदिसँग सहकार्य गरे । प्रज्ञा प्रतिष्ठानबाट २०४६ सालमा उनले राजिनामा दिए पश्चात नै त्यहाँ साहित्य र कलामा पनि राजनीतिकरणको शुरुवात भएको हो ।

राष्ट्रकवि माधवप्रसाद घिमिरेका झण्डै तिन दर्जन विभिन्न विधाका कृतिहरुमध्ये मालती मंगले, शकुन्तला, अश्वत्थामा, गौरी, आफ्नै बाँसुरी आफ्नै गित, राष्ट्रनिर्माता, किन्नर किन्नरी, राजेश्वरी, नयाँ नेपाल, नवमञ्जरी, आदि निकै नै प्रख्यात रहे । त्यस्तै उनिबाट रचना गरिएका कैयन् गितहरु तथा बाल साहित्य पनि निकै चर्चित भएका छन् । राष्ट्रकविको अन्तिम कृति महाकाव्य 'ऋतम्भरा' पनि उनले सक्काउन भ्याएको तर त्यसमा कहीँ कतै केही मिलाउन मात्र बाँकी भएको कुराको जानकारी पनि मिलेको छ ।

राष्ट्रकविले आफ्नो एक शतक लामो जीवनमा विभिन्न मान सम्मान पनि पाए । २०६० सालमा उनलाई राष्ट्रकविको सम्मान दिनुका साथै राष्ट्रियस्तरको अभिनन्दन गरेर रथमा राखी नगर परिक्रमा समेत गराइएको थियो । नेपाली सेनाले पनि उनको कविता, साहित्य र राष्ट्रवादको कदरस्वरुप उनलाई सेनाको मानार्थ रथीको उपाधि पनि दियो । हालको कोरोनाको महामारीमा पनि सरकारले उनको अन्तिम संस्कार राजकीय सम्मानका साथ गऱ्यो । उनको भौतिक शरीर यस संसारमा नभए पनि उनका कृति सँधै रहिरहने छन् । उनकै शव्दमा 'केही दिएर मरेको छ भने उसको मृत्यू सार्थक हुन्छ' ।

राष्ट्रकविको देहावसानका साथै नेपाली साहित्यको एउटा युगको नै अन्त भएको छ । उनि व्यक्तिगत रुपमा पनि निकै सरल, मिलनसार र मद्दतगार मानव थिए । नारायण गोपाल र अम्बर गुरुङ बिचको एक दशक लामो मनमुटाव पनि यिनैले सुल्झाईदिएका थिए । हुन त उनि पछिका पनि धेरै श्रस्टाहरुले आफ्ना क्षमताहरु प्रस्तुत गरेर भविश्यमा नेपाली साहित्यको उत्थानमा नयाँ कोशेढुंगो स्थापना गर्ने लक्षणहरु प्रस्तुत गरिनै रहेका छन्, तर कविशिरोमणी लेखनाथ पौड्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, युगकवि सिद्धिचरण श्रेष्ठ र राष्ट्रकवि माधवप्रसाद घिमिरेको तप्कामा निकट भविश्यमा कुनै कवि पुग्ने सम्भावना भने देखिएको छैन ।

खाँटी राष्ट्रवादी र मातृभूमिलाई औधी माया गर्ने राष्ट्रकविले राष्ट्रभक्ति र राष्ट्रप्रेम सम्बन्धि धेरै गित तथा काव्यहरु सिर्जना गरेका छन् । अहिले हाम्रो देशले आजसम्म भोग्न नपरेको राष्ट्रको अस्मिता नै गुम्ने खालको संकट भोग्नु परिरहेको छ । छिमेकी राष्ट्र चरम अतिक्रमण र साम्राज्यवादी सोचका साथ बौखलाउँदै अनेक प्रपञ्च अपनाएर हिँडीरहेको बेलामा मुलुकभित्र समेत मातृभूमिको तौहिन हुने खालका अराष्ट्रिय काम र कुराहरु खुलेआम गर्ने कार्य भइरहेको देख्दा निकै दुख लाग्दछ । सँधै स्वतन्त्र भएर शिर ठाडो गरेर बसिरहेका हामी नेपालीहरुले पराधिन भएर आफ्नो सम्पुर्ण भूभाग गुमाएर अर्काको झण्डा फहराएर बस्नु पर्ने अवस्था आयो भने हामीले कसरी यो धर्तीमा सास फेर्ने हो कुन्नि । यस्तै कुराको चिन्तामा परेका राष्ट्रकवि आफुले त नेपाली भएर नै देहत्याग गर्न पाए, तर हामीले चाहीँ पाउँछौँ कि पाउँदैनौँ होला खै । यही चिन्ताको सेरोफेरोमा रहेर उनले लेखेको र नातीकाजीले गाएको ***'नेपाली हामी रहुँला कहाँ, नेपालै नरहे'*** बोलको गित निकै सारगर्भित छ ।

* *लेखक विकास अर्थशास्त्री र पुर्वबैंकर तथा नेपाल एकल व्यक्तित्व समाजका अध्यक्ष समेत हुन् ।*

*२०७७ साल साउन २९ गते*